# भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड
# Bhugol Energy Development Company Ltd.

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. १०, बानेश्वर, काठमाण्डौ, फोन नं. : ९८०२३४४७००
इमेल: energy.bhugole@gmail.com वेवसाइट: www.bedc.com.np

को

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रू. ५४,४०,५३,४००/- को ३०% अर्थात् रू. १६,३२,१६,०००/- रकम बराबरको रू. १०० अंकित दरको १६,३२,१६० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेको छ । जसमध्ये जारी पूँजीको १०% अर्थात रू.५,४४,०५,३००/- रकम बराबरको रू. १०० अंकित दरको ५,४४,०५३ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको लागि निष्काशन गरी रितपुर्वक प्राप्त ८५,०२० कित्ता शेयर सम्बन्धित आवदेकलाई बाँडफाँड गरिएको र जारी पूँजीको २०% अर्थात रू. १०,८८,१०,७००/- रकम बराबरको रू.१०० अंकित दरका १०,८८,१०७ कित्ता शेयर मध्ये १,०८,८११ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरूलाई निष्काशन गरिएको शेयर तथा कर्मचारीहरूलाई सुरक्षित गरिएको शेयर समेत बाँडफाँड पश्चात ७१,९१६ कित्ता (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको ५%) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रू. १३,४६,९९,३००/- रकम बराबरको रू.१००/- अंकित दरका १३,४६,९९३ कित्ता साधारण शेयरहरू मिति २०७९ चैत्र २३ गतेदेखि सर्वसाधारणमा निष्कासन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरूबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०७९ चैत्र २७ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरू C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरूले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ चैत्र २७ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरू, लगानीकर्ता आवेदकहरू, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरू, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरूमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ३0,000**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | (१२.८७) | (२१.४४) | ४२.५८ | ७.४० | ८.२० | ८.८२ |
| प्रति शेयर नेटवर्थ रु. | ६१.०१ | ३९.५७ | ६७.६३ | ८४.७५ | ९२.९५ | १०१.७७ |
| संचित नाफा-नोक्सान (रु.हजारमा) | (२५९,३२७) | (१४५,७३६) | (१२३,२६२) | (८२,९७५) | (३८,३७७) | ९,६३४ |

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | द्वारी खोला जलविद्युत आयोजना । |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ३.७५ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरिरहेको द्वारी खोला जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.१९,५१,९४,३४९/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७१/०२/२६ देखि २१०६/०२/२५ गतेसम्म रहेको भएता पनि विद्युत विकास विभागबाट जारी विद्युत उत्पादन अनुमती पत्रमा तोकिएको समय अवधि बमोजिम अब जम्मा २५ वर्ष बाँकी रहेको छ । |
| लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.२४ वर्ष र Discounted Pay Back Period २०.४१ वर्ष रहेको छ । |
| जलविद्युत आयोजनाको कुल लागत विवरण: | : | जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित रु.७३,१९,७८,८०८/- रहेको छ । |

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR]B-"[Pronounced as ICRA NP issuer rating B Minus] रेटिङ्ग प्राप्त गरेको छ। “[ICRANP-IR]B-” ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (High risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउँदछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहको जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। यसको अर्थ [ICRANP -IR] B+ को स्थिती [ICRANP -IR] B- भन्दा एक चिन्ह माथि रहन्छ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७९/१०/१० रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८०/१०/०९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फयाक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com